आठविसकोट नगरपालिकाको ४८ औं बैठक मिति २०७७/०१/०६ गते का दिन आठविसकोट नगरपालिकाको नगर कार्यपालिका बैठक हलमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स. | पदाधिकारीहरुको विवरण | | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | | २०७७/०१/०६ | |
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | ध्रुवप्रसाद लम्साल | कोहलपुर नपा-१० | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर यरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | | |
| २१ | प्रेङका यरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | | |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | | |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे परियार | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| अन्य उपस्थिति | | | | | |
| २६ | मानबहादुर बुढाथोकी | चौरजहारी नपा-१ | प्रशासकीय अधिकृत | | |
| २७ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २८ | जयबहादुर बुढा | आ.न.पा.- २ | प्रशासन सहायक | | |
| २९ | तस्विर परियार | आ.न.पा.- १४ | कार्यालय सहयोगी | | |
| | | | | | |
| | | | | | |

| २०७७ बैशाख ६ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु | | |
|---|---|---|
| क्र.स. | प्रस्तावको विवरण | कैफियत |
| १ | कोरोना भाइरस (कोभिड-१९) ले प्रभावित पारेका योजनाहरु उपर छलफल | |
| २ | नगर करार स्वयंसेवक शिक्षकहरुको करार सम्झौता सम्बन्धमा | |
| ३ | विपद् व्यवस्थापन कोष व्यवस्थापन तथा खर्च सम्बन्धमा | |
| ४ | आठविसकोट नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय र विपन्न घरपरिवारलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६ सम्बन्धी प्रस्ताव | |
| ५ | विविध | विविध समसामयिक विषयहरुमा छलफल तथा निर्णय गर्नुपर्ने। |

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकिय अधिकृत

## मिति २०७७/०१/०६ गतेका नगर कार्यपालिकाका निर्णयहरु:

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले राष्ट्रिय अर्थतन्त्रमा पारेको प्रभावको कारण राजस्व संकलनमा गिरावट आएको सन्दर्भमा यस नगरपालिकामा आउनु पर्ने राजस्व बाँडफाँडको रकम फाल्गुन देखि हालसम्म आउन नसकेकोले नगरपालिकाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार राजस्व बाँडफाँड शीर्षकबाट निर्माण हुने र भईरहेका विकास आयोजना तथा योजनाहरुका निर्माण कार्य तत्कालका लागी स्थगित गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

२. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागी हाल यस नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण सामुदायिक विद्यालय बन्द रहेको अवस्थामा यस नगरपालिकाबाट तलवभत्ता पाउने गरी करार स्वयंसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड,२०७४ अनुसार भर्ना गरिएका नगर करार स्वयंसेवकमध्ये प्रधानाध्यपक बाहेक अन्य सबै नगर करार स्वयंसेवक शिक्षकहरुको करार सम्झौता २०७७ बैशाख १ गते देखि लागुहुने गरी करार सम्झौता रद्द गरिएको र अर्को व्यवस्था भएको खण्डमा पुन पहिलेको स्थानमा पदस्थापना गर्न सकिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

३. आठविसकोट नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय र विपन्न घरपरिवारलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६ सर्वसम्मतबाट पारित गरियो।

४. भारत लगायत अन्य देशबाट नगरपालिकाका विभिन्न वडाहरुमा घर फर्किएका र फर्किने व्यक्तिहरुको कोरोना सम्बन्धी Rapid Disease Test (RDT) परीक्षण गर्ने र ती वडा गाउँबस्तीहरुमा कोरोना संक्रमित नभएको प्रमाणित भएमा गाउँटोललाई कोरोना मुक्त घोषणा र सामाजिक दुरी कायम गर्दै गाउँघरमा भौतिक पूर्वाधार तथा अन्य स-साना कामकाजहरु श्रम सहकारीद्वारा गर्न सकिने निर्णय गरियो।

५. विपद् व्यवस्थापन समितिले देशका विभिन्न क्षेत्रमा अलपत्र विद्यार्थी, श्रमीक तथा उपचारका लागि गएका बिरामीहरुलाई जिल्ला प्रशासन कार्यालय र यातायात व्यवसायीहरुसँग सहकार्य एवम् समन्वय गरी तत्काल उद्धार गर्न विपद् व्यवस्थापन समितिको तर्फबाट श्री गोरखबहादुर कामीलाई आवश्यक सत्यतथ्य तथ्याङ्क संकलन गरी सो कार्य गर्नको लागि जिम्मेवारी दिने निर्णय गरियो।

६. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्वास्थ्य चौकी एवम् आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई आवश्यक पर्ने Personal Protective Equipment (PPE) र थर्मलगन खरिद गरी कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागी प्रत्येक वडाभित्र स्वास्थ्य परिक्षणको लागी प्रयोग गरिने निर्णय गरियो।

नि. प्रमुख प्रशासकिय अधिकृत

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकिय अधिकृत

७. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणको लागी नेपाल सरकारले गरेको लकडाउनका कारण सिन्धुपाल्चोक, काठमाडौँ, गोर्खा, दाङ लगायतका क्षेत्रमा अलपत्र परेका व्यक्तिहरुको र भारतको विहारबाट आई मोरङको जोगबनी नाकामा १८ दिन क्वारेनटाईनमा बसी डिस्चार्ज भएका ११ जना व्यक्तिहरुलाई मोरङबाट आठविसकोटसम्म ल्याउनका लागी लागेको गाडी भाडा सहित कुल भाडा रु.७४,०००।– (चौहत्तर हजार) रुपैयाँ विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने साथै अति जरुरी परेको खण्डमा अलपत्र परेका व्यक्तिहरुलाई गाडीहरु रिर्जव गरी नगरपालिकासम्म ल्याउनका लागी आंशिक खर्च गर्ने निर्णय गरियो।

८. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणको लागी खरिद भएको मास्क संख्या ४२००० वटा, साबुन ८००० वटा, थर्मलगन- , PPE SET-20 वटा, स्यानीटाईजर-१८०, ग्लोभ्स १००० जोडा, अक्सिमीटर २ वटा लगायतका सामग्रीहरुको खरिद र ढुवानी खर्च विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

९. वडा नं. १, २ र ३ सम्म राहत वितरण एवम् आवतजावतलाई सहज बनाउन नदुवा-खदि सड्क मर्मत सम्भार गरी सुचारु गर्न आवश्यक प्रक्रिया बढाउने र सोको खर्चको भुक्तानि विपद् व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो।

१०. नगरपालिकाद्वारा सञ्चालित क्वारेनटाईन व्यवस्थापनका लागी खरिद गरिएका आवश्यक सम्पुर्ण सामग्रीहरुको भुक्तानी विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

११. आ.व. २०७५/०७६ को सशर्त बजेट अन्तरगत आमा सुरक्षा कार्यक्रममा रु.१०,००,०००।– (दश लाख) विनियोजन भएकोमा उक्त आ.व. भरी आमा सुरक्षा कार्यक्रममा रु.१७,३५,४००।– (सत्र लाख पैतीस हजार चार सय) खर्च भएकोले रु. ७,३५,४००।– (सात लाख पैतीस हजार चार सय ) अपुग भएको थियो। उक्त अपुग रकम स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तरगत परिवार कल्याण महाशाखामा माग गर्दा पनि प्राप्त हुन नसकेकोले यसै नगरपालिकाको व्ययभार हुनेगरी यसै आ.व. २०७६/०७७ भित्र भुक्तानि दिने निर्णय गरियो।

१२. यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थामा निशुल्क रुपमा आ.व.२०७६/०७७ मा वितरण हुने औषधीमा विनियोजित रकम अपुग हुने देखिएकाले र कोरोना भाईरसको महामारीमा शहरी स्वास्थ्य स्वास्थ्य ईकाइ तथा आधारभुत सेवा केन्द्रहरुमा औषधी आपुर्तिको माग बढिरहेको देखिएकोले ती संस्थाहरुमा निशुल्क रुपमा वितरण हुने औषधी अभाव हुन नदिने व्यवस्था मिलाई नियमित रुपमा आपुर्ति गर्ने व्यवस्था मिलाउने र सोबाट हुन आउने व्यवभार नगरपालिकाले व्यहोर्ने गरी भुक्तानी दिने निर्णय गरियो।

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकिय अधिकृत

१३. मिति २०७६/१/३ गतेको चलानी नं. SSBH/106/2020 को प्राप्त पत्रानुसार विश्वभरी फैलिरहेको प्रकोपजन्य विषम परिस्थितिमा यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा मातृशिशु स्वास्थ्य तथा परिवार नियोजन सेवा गुणस्तरीय बनाई निरन्तर सञ्चालनका लागी स्वास्थ्यका लागी सक्षम प्रणालीबाट प्राप्त हुने रुकम रु. १,००,०००।– (एक लाख) तपसिल बमोजिमका क्रियाकलापमा स्वास्थ्य संयोजक श्री मणिराज शाहलाई फोकल पर्सनको रुपमा तोकी तपसिल बमोजिमका क्रियाकलापमा खर्च गर्ने निर्णय गरियो।

| क्र.स. | क्रियाकलाप | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्यानीटाईजर १०० एमएल | ५०० | ७० | ३५०००।- |
| २ | क्लोरिन झोल | १२ | १४५० | १७४००।- |
| ३ | एन ९५ मास्क | २० | ८८० | १७६००।- |
| ४ | ग्लोब्स (बक्स) | ४० | ५०० | २००००।- |
| ५ | गम बुट | २० | ५०० | १००००।-। |
| जम्मा | | | | १०००००।- |

१४. आठविसकोट नगर अस्पताल कोरोना आईसोलेशन वार्डको भवन निर्माण, आवश्यक औषधीजन्य सामग्रीहरुको खरिद लगायत आईसोलेशन भवनसम्म जानको लागी खोलिएको बाटोको जग्गा खरिद समेतको भुक्तानी विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो।

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकिय अधिकृत